वाणिज्य एवम् उद्योग मन्त्रालय

*****

# रेल ट्रेड कनेक्टिभिटीलाई बढावा दिन भारत र नेपालबीच सम्झौता

## भारत-नेपाल ट्रान्जिट रुट विस्तार गर्न लेटर अफ एक्सचेन्जमा हस्ताक्षर

भारतका वाणिज्य एवम् उद्योग मन्त्री श्री पीयूष गोयल र नेपाल सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री अनिल कुमार सिन्हा बीच आज नयाँ दिल्लीमा द्विपक्षीय बैठक सम्पन्न भयो ।

भारत र नेपालबीचको पारवहन सन्धिको प्रोटोकललाई संशोधन गर्दै दुवै देशले लेटर अफ एक्सचेन्ज आदानप्रदान गरे। यो हस्ताक्षरले विस्तारित परिभाषा अन्तर्गत बल्क कार्गो सहित जोगबनी (भारत) र विराटनगर (नेपाल) बीच रेलमार्गबाट हुने मालसामानको ढुवानीलाई सहज बनाउनेछ। दुई देशहरू बीचको मल्टीमोडल ट्रेड कनेक्टिभिटी र तेस्रो देशहरूसँग नेपालको व्यापारलाई सुदृढ बनाउँदै यो उदारीकरण प्रमुख ट्रान्जिट कोरिडोरहरू - कोलकाता-जोगबनी, कोलकाता-नौतनवा (सुनौली), र विशाखापट्टनम-नौतनवा (सुनौली) सम्म फैलिएको छ।

माथि उल्लेखित लेटर अफ एक्सचेन्जले जोगबनी-विराटनगर रेल लिंकमा कन्टेनराइज्ड तथा बल्क कार्गो दुवैको लागि सिधा रेल कनेक्टिभिटी सक्षम बनाउँछ जसले कोलकाता र विशाखापट्टनम बन्दरगाहहरूबाट नेपालको मोरङ जिल्लामा अवस्थित विराटनगर नजिकको नेपाल भन्सार यार्ड कार्गो स्टेशनसम्म ढुवानीलाई सहज बनाउँछ। भारत सरकारको अनुदान सहयोगमा निर्माण गरिएको यो रेल लिंक भारत र नेपालका प्रधानमन्त्रीहरूद्वारा संयुक्त रूपमा मिति २०८० जेष्ठ १८ गते उद्घाटन गरिएको थियो।

बैठकले एकीकृत जाँच चौकी र अन्य पूर्वाधारको विकास सहित अन्तरदेशीय कनेक्टिभिटी  र व्यापार सहजीकरण प्रवर्द्धन गर्नका लागि जारी द्विपक्षीय पहलहरूको पनि स्वागत गर्‍यो। भारत नेपालको सबैभन्दा ठूलो व्यापार र लगानी साझेदार रहँदै आएको छ जसले यसको बाह्य व्यापारको महत्त्वपूर्ण हिस्सा ओगटेको छ। यी नयाँ उपायहरूले दुवै देशबीचको आर्थिक र व्यापारिक सम्बन्धलाई अझ सुदृढ बनाउने र त्यसको दायरा थप विस्तार गर्ने अपेक्षा गरिएको छ।

मिति २०८२ कार्तिक २७ गते

****